# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

## मुख्य कार्यालय

काठमाण्डौ पानी


## विज्ञप्ति

चलानी नं.

मिति २०८१ असोज १० गते देखि परेको अविरल वर्षा र सो बाट उत्पन्न विपदबाट सम्पूर्ण मूलुकका साथै काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड पनि अत्यन्तै प्रभावित बन्न पुगेको व्यहोरा सबैमा विदितै छ । निरन्तररुपमा भएको भारी वर्षाका कारण काठमाण्डौ उपत्यका भित्र खानेपानी तथा ढल निकास व्यवस्थापनको जिम्मेवारी लिएको निकाय काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको कतिपय उत्पादन केन्द्र, (मुहान क्षेत्र) प्रशोधन केन्द्र, पम्प हाउस, वितरण संजाल लगायतका भौतिक संरचना तथा यसमा जडित मेशीनरी र उपकरणहरु डुवानमा पर्नुका साथै गम्भीर रूपमा क्षतिग्रस्त बनेका छन्। डुवानका कारण मानवीय पहुँचमा सिर्जित विकटता र मौसमी प्रतिकूलताका कारण पनि यी संरचनाहरुमा भएको क्षति, पुनर्स्थापना तथा पुनर्निर्माणको आंकलन समेत एकातर्फ कठिन बनेको छ भने अर्कोतर्फ विपदको समयमा खानेपानी उत्पादन र वितरणको नियमित चक्र विथोलिंदा यसवाट सम्पूर्ण उपभोक्तावर्गको दैनिकी कष्टकर भएको विषयले हामीलाई सोचनीय बनाएको छ।

आदरणीय उपभोक्तावर्ग! ग्राहकसेवामा निरन्तर समर्पित काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड यस प्राकृतिक विपत्तिबाट क्षतिग्रस्त संरचनाहरुको यथाशीघ्र पुनर्स्थापना र पुनर्निर्माणको लागि विभिन्न कठिनाईका वावजुद तदारुकताका साथ लागीपरेको व्यहोरा अनुरोध छ। तत्काल खानेपानीको उत्पादन र वितरणमा सहजता ल्याउनको लागि वैकल्पिक उपाय, माध्यम र प्रविधिलाई प्राथमिकता दिई योजनावद्धढंगले कार्यक्षेत्रमा खटिएको र उपभोक्तावर्गको लागि खानेपानीको उपलब्धताको पहुँच सामान्य अवस्थामा फर्काउन हामी भरमग्दुर प्रयासरत छौं। एकतावद्ध भई हामी सबैले हातेमालो गरी यस्ता प्राकृतिक विपत्तिको सामना गर्नु नै आजको आवश्यकता हो। वागमती नदीबाट सुन्दरीजल पानी प्रशोधन केन्द्रमा पानी प्राप्त गरी प्रशोधन गरिएको खानेपानी २०८१ असोज १४ गतेदेखि वितरण आरम्भ गरिने र क्रमशः अन्य श्रोतबाट समेत पानी प्राप्त गरी वितरण गर्ने कार्यलाई प्राथमिकतापूर्वक अघि बढाइएको छ ।

अन्त्यमा, खानेपानीको आपूर्तिको अवरुद्धताका कारण दैनिक जीवनमा पर्न गएको कठिनाई प्रति हामी क्षमाप्रार्थी छौं र आपूर्ति भएका खानेपानी समेत अतिवृष्टिका कारण पिउन योग्य नहुन सक्ने अवस्थालाई मध्यनजर गरी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउन हुन समेत अनुरोध गर्दछौं ।

प्रकाश कुमार राई
प्रवक्ता
मिति २०८१/०६/१३


त्रिपुरेश्वर मार्ग
काठमाण्डौ, नेपाल

फ्याक्स: ००९७७-१-४११७३५३, ४११७३६०
www.kathmanduwater.org

फोन नं.: ४११७३५६, ४११७३५७,
४११७३५८, ४११७३५९